# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, जेठ १७ गते, २०८३ साल (अतिरिक्ताङ्क १७


# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसद्ले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०८३ सालको ऐन नं. ०२**

**मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना** : मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "मतदाता नामावली (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>मतदाता नामावली ऐन, २०७३ को दफा ४ मा संशोधन</u>** : मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभाको कार्यकाल पूरा हुनु अगावै प्रतिनिधि सभा विघटन भई निर्वाचनको मिति घोषणा भएको अवस्थामा त्यस्तो निर्वाचनको प्रयोजनको लागि आयोगले उम्मेदवारको मनोनयनपत्र दर्ता गर्न तोकिएको मिति भन्दा पैंतालिस दिन अघिसम्म मतदाता नामावली सङ्कलन, दर्ता तथा त्यसको अद्यावधिक गर्ने व्यवस्था गर्नु पर्नेछ ।"

३. **<u>खारेजी र बचाउ</u> :** (१) मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको अध्यादेश बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मितिः २०८३।०२।१७

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.द्द.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।